# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गोरखा नगरपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गोरखा नगरपालिका

## गोरखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गोरखा नगरपालिका

## गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
गण्डकी प्रदेश

मितिः२०८१।२।९

प.सं. २०८०।८१

च.नं. ८३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

गोरखा नगर पालिका, नगर कार्यपालिकाको कार्यालय,

गोरखा ।

१. **कैफियत सहितको राय** — हामीले गोरखा नगर पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ५९ लाख १५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २ करोड २६ लाख ११ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ४९ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३९ लाख ९३ हजार र पेश्की बाँकी रु. १८ लाख ५८ हजार समेत रु ३ करोड ३६ लाख ५४ हजार रहेको छ ।गोरखा नगर पालिकाको गतवर्ष सम्म रु.१६ करोड ६ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ४२ लाख ८१ हजार रहेको छ । नगर पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम

गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगर पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गोरखा नगर पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

गोरखा नगरपालिका,

गोरखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३९ | १५६ | ३५९१५ | ० | १४ | २२६११ | ३९ | १४२ | ३३६५४ | ४९९६ | १३९९३ | १२८०६ | ० | ० | २६७९९ | १८५८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जिल्ला | १६०६२७ | ० | ० | १६०६२७ | ० | ३३६५४ | १९४२८१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | दफा १३ | अनुदान फिर्ता | ८६५,३०० |
| | | दफा २६ | कार्यसम्पादन जमानत | २६८००० |
| | | दफा ५५ | बढी भुक्तानी | २८५०० |
| | | दफा ७९ | बैंक मौज्दात रकम | १०८९८१४ |
| | | दफा ८३.२ | असुल गर्नुपर्ने | ९५३०।५ |
| | चालु वर्षको जम्मा | | | २२६११४४।५ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | |
| | २०७७।७८ | | | |
| | २०७६।७७ | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **स्थानीय सञ्चित कोष –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालकाले वित्तिय हस्तान्तरणवाट प्राप्त अनुदान तथा साहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

एकिकृत आय व्यय विवरण

| **आयतर्फ** | | **व्ययतर्फ** | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | **चालु खर्च** | ५६४९२६२६४.०७ |
| क) बैंक | १०२८७७८७३.९९ | **पूँजीगत खर्च** | २५२७९०४४९. |
| **राजस्व (आन्तरिक आय)** | | **विषयगत तर्फ** | |
| क) आन्तरिक राजस्व | ३५६०७२६६.७३ | सामाजिक सुरक्षा | २३०७०७८१३.८१ |
| ख) राजस्व बाँडफाँड | १३५८८४०७१.४६ | **धरौटी फिर्ता** | ८६५८७७२.३७ |
| **वित्तीय हस्तान्तरण** | | **कोष खर्च (प्रकोप व्यवस्थापन कोष)** | |
| क)वित्तीय समानीकरण अनुदान | २२९१२२५०० | **विविध खर्च** | ५००६५३८ |
| ख) सशर्त अनुदान | ३६६००२४६६ | **मौज्दात** | |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | क) नगद मौज्दात | ० |
| क)वित्तीय समानीकरण अनुदान | २८३०१८७५ | ख) बैंक मौज्दात (संचित कोष खाता) | ९८०८८८५३.०९ |
| ख) सशर्त अनुदान | २४९९३४० | घ) बैंक मौज्दात (धरौटी कोष खाता) | ९६३५५८४.७३ |
| ग) समपूरक अनुदान | २५००००० | ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ७८५६८५.६ |
| **विभिन्न कोषतर्फको आय** | | ङ) बैंक मौज्दात (विविध कोष) | ७८२५२८८.९२ |

| | | | |
|---|---|---|---|
| विभाज्य कोष खाता | ४६१५१९१ | ङ) बैंक मौज्दात (विविध खर्च) | १०१८७३३८.८८ |
| प्रकोप व्यवस्थापन | ७८५६८५.६ | | |
| विविध कोष | ७८२५२८८.९२ | | |
| विविध खर्च | १५१९३८७६.८८ | | |
| **विषयगत तर्फ** | | | |
| सामाजिक सुरक्षा | २३०७०७८१३.८१ | | |
| **जनसहभागिता (नगद भए)** | ८३९४९८१.९८ | | |
| **धरौंटी आय** | १८२९४३५७.१ | | |
| जम्मा | ११८८६१२५८८.६८ | जम्मा | ११८८६१२५८८.६८ |

उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरिक्षण प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवम् अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणलाई समेत आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन,२०७५ को दफा ४ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेका जोखिममा आधारित स्विकृत लेखापरीक्षण योजनाभित्र रहि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार छ।

**(क) कार्यालय परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ७५सभा सदस्य, १३१।८६वर्ग किलोमिटर क्षेत्रफल तथा ५०६८४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य –** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि –** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।६।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति –** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय– व्यय, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गराएको छ। सो को विस्तृत विवरण अनुसूची १ मा संलग्न छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वैक हिसाव मिलान नगरेको –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण

गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, 2049 दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

• कार्यालयको नगरसभावाट स्विकृत दरवन्दी तेरिज अनुसार प्राविधिक तथा प्रशासनिकतर्फ कुल १३९ पदमध्ये ११५ पदपुर्ती भई २६ रिक्त रहेकोले दरवन्दी अनुसार पदपुर्ती गरी सेवा प्रवाह गर्नुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

४ **अनुगमन तथा भ्रमण खर्च –** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु २० लाख १४ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

५ **कार्यक्रमगत प्रगती –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शुन्य तथा न्युन प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका पुँजिगततर्फका योजनाहरुको केही उदाहरण देहायअनुसार छन।

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| अस्लामी गाउ खानेपानी | १०,०० | ० |
| लखन थापा सालिक निर्माण | १०,०० | ० |
| अकला मन्दिर निर्माण वडा नं १४ | १०,०० | ० |
| कुवापानी कवर्ड हल निर्माण | १०,०० | ० |
| गुणस्तर परीक्षण मेशिन सामाग्री खरिद | १०,०० | ० |
| प्रतिक्षालयदेखि खोलखोलेसम्म फुटपाथ निर्माण | १०,२७ | ० |
| अकला मन्दिर निर्माण | १४,१५ | ० |
| पस्लाङ पहिरो हुदै देउराली डाडा सडक | १५,०० | ० |
| देबीस्थान मन्दिर पुन निर्माण तथा संरक्षण | १५,०० | ० |
| वडा नं ११ फुटपाथ निर्माण | १५,०० | ० |
| गोरखा गेट निर्माण | १६,०० | ० |
| भिमसेन थापा पार्क क्षेत्रमा फनपार्क तथा पिक्निक स्पोर्ट | १९,०३ | ० |
| नमुना पुर्वाधार तथा रोजगार प्रवद्धन कार्यक्रम | २०,०० | ० |
| रानी पोखरीको पानी निकास गरि रंगिन म्युजिकल फाउन्टेन निर्माण गर्ने | २०,०० | ० |
| आरुश्वारा मेलबिसौनी धनुवासे माथिल्लो रोकागाउ भगवती स्थान एक घर एक धारा | २०,०० | ० |
| नमुना पुर्वाधार तथा रोजगार प्रवर्दन कार्यक्रम | ८०,०० | ० |
| सडक बोर्ड र नपा साझेदारी | ८०,५० | ० |
| कालो पत्रे सडक मर्मत कार्य वडा नं ५ ६ र ७ | ९,४० | ० |

| | | |
|---|---|---|
| आहाले सामुदायिक भवन निर्माण कार्य | ९,७७ | ० |

६ **योजना छनौट तथा कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।

| क्र श | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | २११ |
| २ | रु १ लाख देखि ५ लाख सम्मका योजना | ३२३ |
| ३ | रु ५ लाख देखि २० लाख सम्मका योजना | २४ |
| ४ | रु २० लाख देखि ५० लाख सम्मका योजना | २३ |
| ५ | रु ५० लाख भन्दा माथिका योजना | २ |
| | जम्मा | ५८३ |

७ **रकमान्तर –** गोरखा नगरपालिकाको विनियोजन ऐन २०७९ को दफा २ मा कार्यपालिका वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा सार्न सक्नेछ र यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक शिर्षकवाट एक भन्दा वढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था रहेको छ। । यस पालिकाले गाउँसभावाट विभिन्न ११३ खर्च शिर्षकवाट ७ करोड ७५ लाख १७ हजार रकम घटाएर १११ योजनामा रु ८ करोड २५ लाख १७ हजार रकम वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ।

८ **चौमासिक पुँजिगत खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष कुल पूँजीगत बजेट रु.२५ करोड २७ लाख ९० हजारमध्ये मध्ये तेस्रो चौमासिकमा रु.१८ करोड ५९ लाख १४ हजार (७३.५ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.८ करोड ६० लाख ७८ हजार (३४.०५ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको

देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रुहजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| कुल खर्च | २५२७९०४४९ | ३३७७२९६१ | ३३१०२६२० | १८५९१४८६८ | ८६०७८३४२ |
| खर्च प्रतिशत | १०० | १३.४ | १३.१ | ७३.५ | ३४.०५ |

९ **क्षेत्रगत वजेट तथा खर्च –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क श | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६२९०१६८ | २०१४६५४२ | ४३.५२ |
| २ | सामाजिक विकास | ४५७२८३१५७ | ३९९८६१९०० | ८७.४४ |
| ३ | पूर्वाधार विकास | ३२७२८१५६३ | २२०४५८६११ | ६७.३६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६७७५००० | १७६५२८६० | ६५.९३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१५९१६१५१ | १५९५९६८०० | ७३.९२ |
| कुल जम्मा | | १०७३५४६०३९ | ८१७७१६७१३ | ७६.१६ |

१० **कानुन निर्माण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २० ऐन, ४० वटा नियमावली, निर्देशिका तथा नीति निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वयन गर्नुपर्दछ।

११ **न्यायिक समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १३ र यो बर्ष थप भएको ४० गरी कुल ५३ विवाद दर्ता भएकोमा

३० फछ्र्यौट भई २३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ११४९ वटा, मृत्युदर्ता ४५४ वटा, नाता प्रमाणित ८०५ वटा, घरवाटो शिफारिश ३९५ वटा, नागरीकता शिफारिश २४४९ वटा वसाइसराइ २७२ दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ

१३ **अनुदान फिर्ता –**

.......... *(प्रारम्भिक प्रतिवेदन अनुदान फिर्ता गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु. ८६५,३०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१४ **स्थानीय दररेट निर्धारण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

१५ **वार्षिक खरिद योजना।गुरुयोजना –** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२५ करोड २७ लाख ९० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **आर्थिक सहायता –** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा नगर उपप्रमुखसंग असाहय गर्भवती तथा सुत्केरी साहायताकोक्ष र नगर प्रमुख कल्याणकारी आर्थिक साहयता लगायतका विभिन्न २ शिर्षकवाट रु.११७३०००।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राखे नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती

नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१७ **पर्व मेला महोत्सव खर्च –** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाको समानीकरण चालुतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय बमोजिमका पर्व मेला तथा महोत्सव प्रयोजनमा रु.१४ लाख ७६ हजार खर्च गरेको देखिन्छ। पालिकाले खर्चको मापदण्ड तयार गरी यसप्रकार हुने खर्चमा एकरुपता तथा मितव्ययीतता अपनाउनुपर्ने देखिन्छ।

| गो भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १० | गोरखा नगरपालिका वडा नं १४ को श्रीमद्भागवत महापुराणमा सहयोग | १००००० |
| ३२ | तालकोट मुल पुजा समिती | ९५००० |
| १६९ | भगवती क्षेत्र विकास कोष | १०००० |
| १७१ | गोरखा नगरपालिका वडा नं ८ पर्व मेला सहयोग | २२००० |
| २९४ | मधुघाट सन्तानेश्वर महादेव | १०००० |
| ३१६ | नेपाल तामाङ छेदुङ | ६०००० |
| ३१९ | नेपाल मगर संघ वडा समिती | ३५००० |
| ३२२ | पृथ्वी जयन्ति | १७४००० |
| ३३४ | काखेली सास्कृतीक संरक्षण समुह | २०००० |
| १४६ | नेवा देव दवु नगर समिती | १५०००० |
| ७२८ | पश्चिमकाली महोत्सव | १००००० |
| ५९ | लिगलिगकोट सिरानचोक गोरखा दरवार दौड पुरस्कार | ५००००० |

| | | |
|---|---|---|
| २७२ | क्रिसमस पर्व गोरखा नगर इसाई समाज | २००००० |
| | जम्मा | १४७६००० |

१८ **गैर सरकारी सस्थालाई अनुदान –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जुन अधिकारक्षेत्रभित्र रहि पालिकाले मितव्ययी तरिकावाट सार्वजनिक हितको लागि सरकारी रकम खर्च गर्नुपर्दछ। पालिकाले देहायवमोजिम गैरसरकारी सस्थालाई वजेटमा विनियोजन गरी तथा कार्यपालिकावाट निर्णय गरी खाना खाजा, संरचना तथा पुर्वाधार निर्माण तथा कार्यक्रम खर्च वापतको भुक्तानी गरेको छ। गैरसरकारी सस्थालाई अनुदान प्रदान गर्ने सम्वन्धमा कुनै पनि कानुनी आधार रहेको देखिदैन र पालिकावाट समेत कानुन निर्माण गरेको छैन। यसरी कानुनी आधार वेगर गैरसरकारी सस्थालाई भुक्तानी गरेको रकम नियमसम्वत देखिएन। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ नं | खर्चको विवरण | रकम |
|---|---|---|
| ४५ | गोरखा जेसिसको एरिया वि सम्मेलन | ४००००० |
| २०७ | लायन्स क्लव अफ गोरखा क्याविनेट वैठक खाना खाजा खर्च | २५०००० |
| ४३४ | रोट्र्याक्ट क्लव अफ वज्र मनास्लु कार्यक्रम खर्च | ४०००० |
| ६९६ | लियो क्लव अफ गोरखा कपडा खेल सामाग्री र शैक्षीक सामाग्री खरिद विल भुक्तानी | ३००००० |
| १२५ | रोटरी क्लव अफ गोरखा | ७०००० |
| १००२ | राष्ट्रिय जनवकालत मञ्च नेपाल | १५०००० |
| ६४ | रोटरी क्लब अफ गोरखा भवन निर्माण | ७७९५४४ |
| ४२२ | जन जागरण महिला भवन निर्माण | ५००००० |
| ४५१ | नेपाल मगर संघ कुर्सी, दराज, टेवल, कार्पेट खरिद | ३९८७७७ |
| ५०७ | रोटरी क्लव अफ वण्ड मनास्लु भवन निर्माण | ४००००० |

| | | |
|---|---|---|
| ५८ | भु.पु. सैनिक संघ दराज, र्याक, कुर्सि खरिद | ५०००० |
| | जम्मा | ३३३८३२१ |

१९ **पेश्की वाँकी –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा अनुसुचिमा उल्लेखित व्यक्ति तथा सस्थालाई उपलव्ध गराएको म्याद ननाघेको पेश्की रु.६९००००।०० र म्याद नाघेको पेश्की रु.१८५८०००।०० समेत रु.२५४८०००।०० मध्ये म्याद नाघेको पेश्की नियमानुसार फछ्यौट गर्नुपर्दछ। रु.

| | |
|---|---|
| पेश्की | १८,५८,००० |

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **करार कर्मचारी –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाको असार महिनाको तलवि भरपाई अनुसार प्राप्त विवरण अनुसार यस वर्ष शर्शत तथा पालिकातर्फ कार्यालय सहयोगी र सवारी चालक समेत कुल ८१ जना कर्मचारी करारमा राखि मासिक रु.१७४९६१०।०० का दरले रु.२२७४४९३०।०० खर्च लेखेको छ । करार कर्मचारीहरुमध्ये अ हे व ७ जना, अ न मि १२ जना ल्याव टेक्निसियन १ जना, वातावरण अधिकृत १ जना, इन्जिनियर १ जना, अमिन १ जना, सव इन्जिनियर ४ जना, असिष्टेण्ट सव इन्जिनियर १ जना, सरसफाई सुपरभाइजर १ जना, ना प्र स १ जना पशु सेवा प्राविधिक साहायक १ जना करारमा नियुक्ति गरी खर्च लेखेको छ। कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ।

२१ **कर्मचारी प्रोत्साहन भत्ता –** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष कर्मचारीलाई पटके निर्णयका आधारमा सञ्चार महसुल समेत रु१०३००९३।०० भुक्तानी दिएको देखियो । कानुन निर्माण नगरी पटके निर्णयका आधारमा करार कर्मचारीलाई समेत प्रोत्साहन वापत खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।

२२ **सट्टा शिक्षक –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्वन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा रामशाह माध्यामिक विद्यालय र विन्ध्यावासिनी माध्यामिक विद्यालयका २ जना शिक्षकहरुलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा २ जना(एक

जनाको चैत्र सम्म) नियुक्ति गरी तलव भत्ता शिर्षकमा पालिकावाट मासिक रु७९९८०।०० का दरले वार्षिक रु.९१९७७०।०० खर्च लेखेको देखिन्छ। यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेकोले पालिकामा थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ९,१९,७७० |

२३ **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले गोरखा क्याम्पस छेवेटार सडक वडा नं. ७ र १० निर्माण कार्यको रु.५३३६९१४।० छेवेटार कन्ष्ट्रक्सन कम्पनी प्रा.ली.लाई भुक्तानी गरेकोमा भ्याट वापतको रकम रु.६१३९८१।२८ को ३० प्रतिशत हुने रकम रु.१८४१९४।० राजस्व शिर्षकमा दाखिला गर्नुपर्नेमा रु.१८९०३।० मात्र दाखिला गरेकोले नपुग रकम रु.१६५२९१।० को कर समायोजन पत्र पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,२९१ |

२४ **सडक वोर्ड म्याचिङ्ग कार्यक्रम –** सडक वोर्ड र पालिकाको लागत साझेदारिमा सञ्चालन हुने कार्यक्रममा सडक वोर्डको ७०% र पालिकाको ३०% लागत साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले क्रिश्चल/होम/एवन जे.भी. बाट सडक निर्माण कार्यको लागि रु.२४८६४५७८।० मा सम्झौता गरेको छ । उक्त सम्झौता अनुसार हालसम्म सडक वोर्ड तर्फ रु.५९५००००।० र पालिका तर्फबाट रु.१७६६३२६२।० समेत रु. २३६१३२६२।० भुक्तानी भएको छ भने रु.१२३२९७४।० भुक्तानी गर्न बाँकी रहेको देखिन्छ । सडक वोर्ड र पालिकाको लागत साझेदारी हुने गरी सञ्चालित योजनामा पालिकाको लागत साझेदारी ३० प्रतिशत मात्र हुनुपर्नेमा ७४।८० प्रतिशत हुँदा पालिकालाई यस योजनामा मात्र रु.१०५७९२८३।० बढी व्ययभार थपिएको छ । तोकीएको अवधिमा खरिद सम्झौता नगरेको तथा खरिद सम्झौता अनुसार कार्य सञ्चालन नगरी म्याद थप गरी कार्य गर्दा पालिकालाई थप व्ययभार परेको देखिएकोले तोकीए अनुसार खरिद सम्झौता गर्ने तथा निर्माण सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२५ **समपूरक योजनामा पालिकाको योगदान –** प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ को वुँदा नं. ४ मा समपूरक अनुदानमा सञ्चालन हुने योजनामा ५०% अनुदान उपलब्ध गराउने र वुँदा नं. ११ मा समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम तोकीएको समय अवधिभित्र सम्पन्न गरि सक्नुपर्ने व्यवस्था छ । पालिकाले छेवेटार कन्ष्ट्रक्सन प्रा.ली. मार्फत गोरखा क्याम्पस मान्द्रेढुङ्गा छेवेटार सडक वडा नं. ७ र १० कार्यको लागि वोलपत्र विधिबाट सम्झौता अंक रु.६२३२४०९।० (मु.अ.कर बाहेक) कायम गरी २०८०।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न भएको छैन । सम्झौता अनुसार आर्थिक वर्ष २०७९।८० रु.५१७१९१५।० भुक्तानी भएको छ भने सम्झौता अंक अनुसार रु.१९७०७९८।० कार्य तथा भुक्तानी बाँकी रहेको र कार्यविधि अनुसार उक्त वाँकी रकमको दायित्व पालिकालाई परेको छ । समयमा नै निर्माण कार्य गरी पालिकालाई दायित्व भार कम हुने गरी कार्य गर्नुपर्दछ ।

२६ **कार्यसम्पादन जमानत –**

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर कार्यसम्पादन जमानत पेश गरेको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु.२६८००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **अधुरा निर्माण कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न नगरी पटक पटक गरी म्याद थप गर्दा समेत पनि उक्त अवधि भित्र कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो । पालिकाले देहायका निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता बमजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य फरफारक गर्नुपर्ने देखिन्छ ।

| ठेक्का नं. | निर्माण व्यावसायी | कामको विवरण | सम्झौता रकम | सम्झौता मिति | कार्यसम्पादन गर्नुपर्ने सुरु मिति | म्याद थपबाट कायम मिति | हालसम्म को भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५-०७७।७८ | अनुपमा निर्माण सेवा, गोरखा | विन्दवासिनी कान्तेस्वाँरा डेरागाउँ सडक स्तरोन्नती कार्य | १३४३७१९ | २०७७।१०।२० | २०७८।३।१५ | २०८०।३।१५ | १०६९३०२ |
| ९-०७७।७८ | खड्का विल्डर्स प्रा.ली. गोरखा | प्रतिक्षालय देखि खोलखोलेसम्म फुटपाथ निर्माण | ३११९९२० | २०७८।१।१३ | २०७८।३।३० | २०८०।३।१५ | २४९८९१४ |
| २-२०७७।७८ | अनुपमा निर्माण सेवा, गोरखा | काफलघारी स्वाँरा सडक स्तरोन्नति कार्य | १३३९७२९ | २०७७।१०।२० | २०७८।३।१५ | २०८०।३।१५ | १०७४५८ |
| ४-२०७७।७८ | अनुपमा निर्माण सेवा, गोरखा | कट्टेलडाँडा भञ्ज्याङ्ग देखि देवीस्थाना सम्मको | १३२१४१५ | २०७७।१०।२० | २०७८।३।१५ | २०८०।३।१५ | १३३७९९४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६-२०७७।७८ | गोर्वुङ राना निर्माण सेवा, गोरखा | अकला मन्दर पर्यटकीय पूर्वाधार निर्माण | २१३३५२७ | २०७८।३।२ | २०७८।६।३० | २०८०।३।१५ | ९८८१२२ |
| २-०७८।७९ | जनक निर्माण सेवा, गोरखा | बहुउद्देश्यीय भवन गेट निर्माण कार्य | ९२६१२२ | २०७९।१।७ | | २०८०।३।१५ | ६१९६२० |
| २०-२०७५।७६ | दिक्षित ईन्जिनियरिङ एण्ड विल्डर्स प्रा.ली., गोरखा | गोरखा गेट निर्माण कार्य | ५९७६५४३ | २०७६।५।१५ | २०७६।१०।३० | २०८०।३।१५ | ५२८४९६९ |

२८ **शालिक निर्माण –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले वार्ड नं. ६ स्थित ठुलो आगन क्षेत्रमा नेपाली सेनाको व्यवस्थापनमा पृथ्वीनारायण शाहको सालिक अनावरण, झण्डोत्तलन तथा विनय विगुल सुरु गर्ने कार्यक्रमको लागि सालिक निर्माणमा रु.९९५०००।० र अन्य कार्यमा रु.३२९१९१२।३५ बजेट खर्च गरेको मध्ये रु.२६१२४९०।३५ आगामी वर्ष भुक्तानी दिन बाँकी राखेको छ । शालिक निर्माणको लागि लागत अनुमान, स्पेशिफिकेसन, नापी किताब तथा कार्य स्वीकार प्रतिवेदन वेगर नै भुक्तानी गरेको, अन्य खर्च वापत साउण्ड सिस्टम, मायाको चिनो, होटलवास खर्च, मनोग्राम निर्माण, झाँकी, झण्डा, चियापानमा बजेट खर्च भएको विल भर्पाई पेश गरेको छ । नगरपालिकाले पृथ्वीनारायण शाहको शालिक निर्माणमा रु.१० लाख बजेट विनियोजन गरेता पनि अन्य असम्बन्धित कार्यमा रु.३२९१९१२।३५ खर्च लेखेको नियमसम्मत देखिदैन । स्वीकृत कार्यक्रम वेगर असम्बन्धित कार्यमा खर्च लेखेको सम्बन्धमा छानविन गरी स्वीकृत बजेट भित्र रहि भुक्तानी दिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३२,९१,९१२.३५ |

२९ **लागत साझेदारी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरसभाले आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा १० प्रतिशत लागत साझेदारी गर्ने गरी मिति २०७९।३।१० मा निर्णय गरेको छ । पालिकाले थाकल डाँडा खानेपानी मर्मत कार्यको लागत अनुमान रु.२५०४६४७।० तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई हालसम्म रु.२२०९०४८।७२ भुक्तानी भएकोमा नगरसभाको निर्णयअनुसारको उपभोक्ता समितिको १० प्रतिशत लागत साझेदारी नभएकोले लागत साझेदारी बापतको रकम रु.२२०९०५।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२०,९०५ |

३० **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले समिलगैरी स्वास्थ्य चौकी सडक ढलान कार्य उपभोक्ता समितिमार्फत गराएकोमा स्वीकृत नर्म्स र संलग्न दर विश्लेषण असनुसार सव स्ट्रक्चर RCC M20 को कार्य प्रति घन मिटर रु.११४०४।० को दरमा गर्नुपर्नेमा रु.१२३९१।३९ का दरले गरी १२.२९ घ.मी.को रु.१२१३०।० बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकममा उपभोक्ता समितिको साझेदारीको अंश कट्टी गरी बाँकी रकम रु.१०९१७।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९१७ |

३१ **चेनेज दोहोर्याएर कार्य गरेको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार विल विजकको भुक्तानी गर्दा गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था छ । पालिकाले ११ किलो फयाली गाउँ सडक स्तरोन्नती कार्य उपभोक्ता समिति मार्फत गराउँदा वालुवा मिसिएको सव वेसको कार्यमा ०+००० देखि ०+१४० सम्मको कार्यको लागि रकम भुक्तानी गरेकोमा सोही योजना र विलमा नै पुन चेनेज ०+००० दिख ०+४५ सम्मको १६.९३ घ.मी र चेनेज ०+००० देखि ०+०९० सम्मको ३२.२० समेत ४९.१३ घ.मी.को रु.२०९०.२७ का दरले रु.१०२६९४.९६ भुक्तानी गरेको छ । एकै चेनेजमा दोहोरो भुक्तानी गरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट जनसहभागिताको अंश कट्टी गरी बाँकी रकम रु.९२४२५।० असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,४२५ |

३२ **मुल्य अभिवृद्धि कर भुक्तानी** – सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समितिबाट सञ्चालन भएका योजनामा प्रतिवोरा सिमेन्टको रु.७३०।० मा मुल्य अभिवृद्धि कर समेत समावेश गरी रु.८२५।० का दरले भुक्तानी गरेको छ । यसरी भुक्तानी भएका देहायबमोजिमका योजनामा कम मुल्यमा सामाग्री खरिद गरेकोले मुल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रकम रु. ४१९३२।० सम्बन्धित उपभोक्ता समितिबाट असुल दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | योजनाको नाम | कामको विवरण | कामको परिमाण (घ.मी.) | लाग्ने परिमाण | खरिद दर | बढी भुक्तानी | मु.अ.कर |
|---|---|---|---|---|---|---|---|
| ८७ | पत्रकार महासंघ भवन निर्माण | PCC 1:1.5:3 | ८.८९ | ७१.१२ | ६३६ | १२९०७ | १६७८ |
| | | Stone mesonary 1:4 | ७ | २२.२६ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | Bricks Mesonry 1:4 | २१.९६ | ४३.९२ | | | |
| ११० | ढिकुरेश्वारा हेलिप्याड रिटेनिङ्ग वाल निर्माण | Bricks Mesonry 1:6 | ५४.६ | १०४.८ | ४०० | ३४५७२ | ४४९५ |
| १०५ | भट्टवेसी खेल मैदान निर्माण | PCC 1:3:6 | २.२४ | ९.८६ | ६२० | २०६२७ | २६८२ |
| | | Stone mesonary 1:6 | ८३.८ | १७७.६६ | | | |
| ११७ | थापागाउँ दानी गाउँ चनौटे गोरेटो बाट निर्माण | PCC 1:3:6 | ८०.१२ | ३६८.५५ | ६२८ | ४४२१२ | ५७४८ |
| | | Stone mesonary 1:4 | २६.१८ | ६४.९ | | | |
| १५५ | आहाले भन्ज्याङ्ग आमडाडा सडक | PCC 1:2:4 | ९२.५५ | ५०९.६ | ६१९ | ५६५६६ | ७३५४ |
| १६१ | रमाइलो समिडाँडा देखि महिला भवनसम्म पक्की नाला र ढलान | PCC 1:3:6 | ४४.९१ | १९७.७ | ६३५ | २१२३९ | २७६१ |
| | | Stone mesonary 1:6 | ११.७६ | २५.८७ | | | |
| २०५ | वडा कार्यालय पुतली बगैचा वारी पुछार सडक स्तरोन्नती | PCC 1:3:6 | २०.९७ | ९२.२७ | ५७५ | ५२५११ | ६८२७ |
| | | Stone mesonary 1:4 | ९९.४ | २४६.५ | | | |
| जम्मा | | | | | | २४२६३४ | ३१५४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५४५ |

३३ **फर्माको कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार विल विजकको भुक्तानी गर्दा गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था छ । पालिकाले भवनको निर्माणमा फर्माको कार्य गर्दा कोलम, विम र स्ल्यावमा औषत दर कायम गरी प्रति वर्ग मिटर रु.१११०।०१ का दरले भुक्तानी दिएको छ । उक्त कार्यको छुट्टा छुट्टै नापी गरी सोही अनुसार भुक्तानी नदिई औषत दरमा भुक्तानी दिंदा देहायबमोजिम रु.३४५०३.२२ बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितबाट असुल गर्नुपर्दछ रु.

| भौ.नं. | योजनाको नाम | कामको विवरण | हुनुपर्ने दर | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | उस अंश कट्टी गरी बढी रकम |
|---|---|---|---|---|---|---|
| ८७ | पत्रकार महासंघ भवन निर्माण | Column 17.5 | ७७८.३८ | १३६२१.६५ | १००७६३.५ | ७९२३.६१ |
| | | Beam 16.95 | १३२४.९ | २२४५७.०५ | | |
| | | Slab 56.93 | ९८१.५७ | ५५८८०.७८ | | |
| १९२ | थापागाउँ सामुदायिक भवन निर्माण | Column 19.74 | ७७८.३८ | १५३६५.२२ | १०३९९१.४ | ३५९१.६८ |
| | | Beam 35.12 | १३२४.९ | ४६५३०.४८ | | |
| | | Slab 38.82 | ९८१.५७ | ३८१०४.५४ | | |
| ३४६ | गाइखुर जामा मस्जिद निर्माण | Column 41.76 | ७७८.३८ | ३२५०५.१४ | १८४१८४.० | १७३८३.९ |
| | | Beam 30.53 | १३२४.९ | ४०४४९.२ | | |
| | | Slab 93.64 | ९८१.५७ | ९१९१४.२१ | | |
| ३६५ | डेमा गाउँ मदर्सा भवन निर्माण | Beam 36.15 | १३२४.९ | ४७८९५.१४ | १६१००५.० | ५६०४.०३ |
| | | Slab 108.89 | ९८१.५७ | १०६८८३.१६ | | |

| | | | |
|---|---|---|---|
| जम्मा | ५११६०६.५७ | ५४९९४३.९ | ३४५०३.२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,५०३.२२ |

३४ **तोकिएकोभन्दा फरक काम –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरी आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकुल हुने गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक निकायमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका योजनामा कार्यक्रम नै संसोधन नगरी नगरसभाबाट तोकीएको भन्दा फरक पर्ने गरी बजेट खर्च गर्नु उपयुक्त देखिएन । अत तोकीए भन्दा फरक पर्ने गरी गरीएको खर्चलाई नियमसम्मत नदेखिएको रु.

| क.सं. | भौ.नं. | योजनाको नाम | हुनुपर्ने कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३६४ | शहिद स्मृती सभाहल पुन निर्माण | सभाहल पुनः निर्माण नगरी छुट्टै २ कोठे भवन निर्माण गरेको | १०७४४७१. |
| २ | १८३ | मझुवा प्रहरी चौकी छाना मर्मत | छाना मर्मत नगरी नयाँ भवन निर्माण खर्च भएको | १९४४३९. |
| जम्मा | | | | १२६८९१०. |

| | |
|---|---|
| अनियमित भएको | १२,६८,९१० |

३५ **रोलर, ग्रेडरको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको योजनामा सव वेसको कार्य गर्दा दर विश्लेषणमा ग्रेडर, रोलर समेतको दर राखी भुक्तानी गरेकोमा प्राप्त विल तथा प्रमाण अनुसार उपभोक्ता समितिले ग्रेडर, रोलर प्रयोग गरेको नदेखिएकोले सो वापत भुक्तानी भएको रकम असुल दाखिला गर्नुपर्दछ । रु.

| भौ.नं. | योजनाको नाम | सामाग्री | कामको परिमाण (घ.मी.) | प्रति घ.मी. भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ९२ | | रोलर | १४२.३५ | ७८.४१ | १११६२. |

| | | | | | |
|---|---|---|---|---|---|
| | समिचौरबाट ठुटे बजार जाने बाटो स्तरोन्नती | ग्रेडर | १४२.३५ | ६२.७२ | ८९२८. |
| ५५५ | गोरखा क्याम्पसबाट नाङ्लेपानी जाने सडक | ग्रेडर | ३८९.८९ | ६२.७२ | २४४५४. |
| ४९५ | वडा नं. १२ रिङ्गरोड स्तरोन्नती | ग्रेडर | ३६०.२७ | ६२.७२ | २२५९६. |
| जम्मा | | | | | ६७१४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,१४० |

३६ **इट्टा खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार विल विजकको भुक्तानी गर्दा गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था छ । पालिकाले गोरक्षा मन्दिर निर्माणको लागि १४५०७ थान वुट्टा इट्टा खरिद गरी रु.४७३०६०।० भुक्तानी गरेको छ । उपभोक्ता समितिबाट खरिद गरेका उक्त इट्टा हालसम्म पनि प्रयोग भएको देखिदैन । उपभोक्ता समितिबाट सामाग्री खरिदको कार्य गराउनु तथा खरिद भएका सामाग्री प्रयोग नगरी भण्डारण गर्नु उपयुक्त देखिएन । पालिकाले खरिद कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गरी खरिद भएका इट्टा उपयोग भएको प्रमाण पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७३,०६० |

३७ **जिन्सी दाखिला –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा खरिद गरी वा नगरी प्राप्त भएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद गरेका देहायबमोजिमका सामाग्री जिन्सी दाखिला गरेको देखिएन । नियममा भएको व्यवस्था अनुसार उक्त सामाग्री जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. ३८११४२.०

| भौ.नं. | कार्यक्रम | खरिद सामाग्री विवरण | रकम |
|---|---|---|---|
| ५१०-३।२१ | वडा नं. ३ बैकल्पिक सोलार सिस्टम जडान | १०५ एच व्याट्रि, इन्भटर १ थान | २१०२५०.० |
| ५१२-३।२१ | इन्भटर व्याट्रि खरिद | ८ थान २१० एम.एच व्याट्रि | ३८११४२.० |

| | |
|---|---|
| जम्मा | ३८११४२.० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९१,३९२ |

३८ **लागत साझेदारी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरसभाको मिति २०७९।३।१० को निर्णयानुसार आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा १० प्रतिशत जनसहभागिता हुने उल्लेख छ । पालिकाले जिल्ला समन्वय समिति र गोरखा नगरपालिकाको साझेदारीमा सम्झौता भइ सञ्चालन भएका देहायबमोजिमका योजनामा उपभोक्ता समितिको लागत सहभागिता भएको देखिएन । अत उपभोक्ता समितिबाट सञ्चालित योजनामा लागत सहभागिता नभइ रकम खर्च गर्नु नियमसम्मत नदेखिएको रु. १२७६१९१।०

| क्र.सं. | योजनाको नाम | सम्पन्न अंक | हुनुपर्ने लागत साझेदारी अंक |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन तला थप | १४५६५०९ | १४५६५१ |
| २ | वडा कार्यालय वभन तला थप वडा नं. २ | १२०४९९६ | १२०५०० |
| ३ | वडा कार्यालय भवन तला थप वडा नं. ५ | १०४२४८० | १०४२४८ |
| ४ | वडा कार्यालय भवन तला थप वडा नं. ९ | ४१५०६९१ | ४१५०६९ |
| ५ | थाकलडाँडा खानेपानी पयूघरबेसी वडा नं. | २४५२२११ | २४५२२१ |
| ६ | पैंरेटो खानेपानी पयूघरवेसी वडा नं. १४ | ९५९३८० | ९५९३८ |
| ७ | भट्टवेसी खानेपानी योजना | १४९५६४८ | १४९५६४ |
| | | १२७६१९१५ | १२७६१९१ |

| | |
|---|---|
| अनियमित भएको | १२,७६,१९१ |

३९ **खाता रोक्का –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले आइ टी ल्याब र बिद्यालय पूवाधारको निर्माण अनुदान कार्यका लागि निम्न बिद्यालयलाई निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन । आर्थिक बर्ष २०७९।८० मा नै सम्पन्न गर्नुपर्ने रकम आई टी ल्याव सुदृढीकरण तर्फ स्पेसिफिकेशन अनुसार नभएको उल्लेख गरी र भवन निर्माणको काम वर्षान्तमा सशर्त अनुदानको रकम फ्रिज नगर्ने उद्देश्यले विद्यालयमा निकासा दिई खाता रोक्का राख्नु उचित देखिदैन । काम सम्पन्न नहुँदै निकासा दिएको रु.४९३५६९०।० को तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सक्कल प्रमाण कागजात पेश हुनुपर्ने रु.

| क्र.सं. | विद्यालय | कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | सरस्वती माध्यमिक विद्यालय | IT ल्याव सुदृढीकरण | ६४५२३० |
| २ | मनकामना बहिरा आवासिय मा.वि. | IT ल्याव सुदृढीकरण | ६४५२३० |
| ३ | बालमन्दिर मा.वि. | IT ल्याव सुदृढीकरण | ६४५२३० |
| ४ | मनकामना बहिरा आवासिय मा.वि. | छात्रावास भवन निर्माण | ३०००००० |
| जम्मा | | | ४९३५६९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३५,६९० |

४० **उपभोक्ता समिति मार्फत खरिद**

४०.१ **हस्तान्तरण नगरेको –** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

४०.२ **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी

मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ ।

४०.३ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मेशीन, औजार उपकरण आवश्यक नपर्ने प्रकारका श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चरका भवन, विद्युत सम्बन्धि कार्य लगाएतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिबाट वोलपत्रको माध्यमबाट प्रतिस्पर्धाको विधि अनुसार गराउनु उपयुक्त देखिन्छ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | काम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन तला थप | भवन निर्माण | १४५६५०९ |
| २ | वडा कार्यालय वभन तला थप वडा नं. २ | भवन निर्माण | १२०४९९६ |
| ३ | वडा कार्यालय भवन तला थप वडा नं. ५ | भवन निर्माण | १०४२४८० |
| ४ | वडा कार्यालय भवन तला थप वडा नं. ९ | भवन निर्माण | ४१५०६९१ |
| ५ | थाकलडाँडा खानेपानी पयूघरबेसी वडा नं. | भवन निर्माण | २४५२२११ |
| ६ | पत्रकार महासंघ भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ७७९७७०.० |
| ७ | थापागाउँ सामुदायिक भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ४०७२०२.० |
| ८ | डेरागाउँ मदरसा भवन निर्माण | भवन निर्माण | ९७४९२४.० |
| ९ | सर्जनशिल दलित एकता समाज अधुरो भवन निर्माण | भवन निर्माण | ८७६६२२.० |

| | | | |
|---|---|---|---|
| १० | गोरखा उद्योग बाणिज्य संघ अधुरो भवन | भवन निर्माण | ७७५५६९.० |
| ११ | कुन्दुरटार पम्पिङ्ग खानेपानी स्तरोन्नती | ट्रान्सफरमर खरिद | १०९२०५०.० |

४०.४ **उपभोक्ता समिति मार्फत सामाग्री खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिमार्फत कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन तथा नियमावलीमा खरिदमा प्रतिष्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले देहायबमोजिमको खरिद सम्बन्धी कार्य उपभोक्ता समितिबाट सञ्चालन गराई रु. १२४२०५०।० भुक्तानी गरेको छ । उक्त कार्यमा उपभोक्ताको श्रमदान नहुने र प्रतिस्पर्धा कायम नहुने हुँदा उपभोक्ता समिति मार्फत सामाग्री खरिद गरी रकम भुक्तानी गर्नु मनासिव देखिएन ।

| क्र.सं. | भौ.नं. | योजना | खरिद सामाग्री | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३५ | डेरागाउँ खानेपानी तथा सरसफाई व्यवस्थापन उपभोक्ता समिति | Repairing of 25 KVA 11/0.4 KV Distribution Transformer | १५००००. |
| २ | ४६२ | कुन्दुरटार पम्पिङ्ग खानेपानी स्तरोन्नती उपभोक्ता समिति | १ थान ट्रान्सफरमर र ८१ मी. HDPE PN-16 पाइप | १०९२०५०. |
| जम्मा | | | | १२४२०५०. |

४१ **स्थानीय भत्ता –** सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ को निर्णयअनुसार करारमा कार्यरत कर्मचारीहरुलाई स्थानीय भत्ता दिन नमिल्ने परिपत्र भएको छ। पालिकाले गरिबी निवारण लघु उद्यम विकास कार्यक्रममा कार्यरत निम्न कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी गरेकोले नियम विपरितको स्थानीय भत्ता असुल हुनुपर्ने रु

| कर्मचारीको नाम | महिना | स्थानीय भत्ता | रकम |
|---|---|---|---|
| उद्यम विकास सहजकर्ता श्री उपेन्द्र राज पन्त | १२ | ९३० | १११६० |
| उद्यम विकास सहयोगी श्री मुना कुमाल | १२ | ७९० | ९४८० |
| जम्मा | | | २०६४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६४० |

४२ **सशर्तबाट सहयोग –** पालिकाले संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु शीर्षकबाट रु ७९६६५ दरका २ डेस्कटप कम्प्युटर रु १५९३३० मा खरिद गरी जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गरेको पाइयो। वार्षिक स्वीकृत कार्यक्रम वेगर हस्तान्तरित रकमबाट अन्य निकायलाई मालसामान खरिद गरी हस्तान्तरण गरेकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,५९,३३० |

४३ **लघु उद्यम विकास कार्यक्रम –** आर्थिक वर्ष २०७९।८० मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा ७५ जना नयाँ लघु उद्यमी सृजना गर्ने लक्ष्य सहित रु २३८०००० बजेट विनियोजन भएको छ। पालिकाले उक्त कार्यक्रममा उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम तथा उद्यम विकास सहजकर्ता परिचालन, संचालन र व्यवस्थापनका कार्यहरु वापतको रु ११८३००० खर्च गरेको पाइयो। उक्त कार्यक्रमको प्रमुख कार्यहरु प्राविधिक सीप तालिम, उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण, वित्तीय सेवामा पहुँच तथा बजारीकरण सेवा लगायतका कार्यहरु संचालन गरेको पाइएन। यसरी नयाँ लघु उद्यमी सृजना गर्ने लक्ष्य लिएको लघु उद्यम विकास कार्यक्रममा आंशीक कार्य मात्र गरेकोले लाभग्राहीले लक्ष्य अनुरुपको लाभ लिन सकेको देखिएन। पालिकाले यस्ता किसिमका कार्यक्रम संचालन गर्दा पूर्ण रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४४ **सुरक्षित आप्रवासन कार्यक्रम –** सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ को परिच्छेद ७ मा अनुगमन मूल्यांकन सम्बन्धी व्यवस्था छ। साथै उक्त परिच्छेदको बुँदा नं. ३६ मा कार्यक्रम संचालन भएको स्थानीय तहको अनुगमन मूल्यांकन/सुपरिवेक्षण गर्न स्थानीय तह कार्यक्रम व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था सहित सामी परियोजना कार्यान्वयन गर्नका लागि यस नगरपालिका र एकीकरण नेपाल, गोरखाबीच ५ वटा मुख्य कार्यक्रम गर्ने गरी सम्झौता भएको देखिन्छ। पालिकाले नगर प्रमुखको अध्यक्षतामा समिति गठन गरेतापनि उक्त समितिबाट कुनैपनि अनुगमन मूल्यांकन तथा सुपरिवेक्षण गरेको प्रतिवेदन पेश भएको छैन। परियोजनाले कार्यक्रम संयोजक सहित ९ जना कर्मचारीको तलब भत्ता वापत रु ३५९८१२३, बैठक गोष्ठी लगायत कार्यक्रम खर्च वापत रु १८२६११५ र यातायात खर्च, अनुगमन खर्च लगायतका कार्यसञ्चालन खर्च वापत रु ४५१५४५ समेत रु ५८७५७८३ खर्च गरेको पाइयो। एकीकरण नेपालले जम्मा खर्चको ३१ प्रतिशत मात्र सुरक्षित आप्रवासन कार्यक्रम परियोजनामा खर्च गरेको देखिन्छ। यसरी सम्बन्धित कार्यक्रममाभन्दा खर्च रकमको करीव ६९ प्रतिशत कर्मचारी व्यवस्थापन र कार्यसञ्चालनमा मात्र बजेट खर्च हुँदा कार्यक्रमले लाभान्वित वर्गलाई समेट्न सकेको देखिदैन। यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

४५ **बहुक्षेत्रीय पोषण कार्यक्रम –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरी खाद्यन्न वितरण गरेको पाइयो। यसरी खाद्यन्न वितरण गर्दा सम्बन्धित लाभग्राहीहरुलाई वडा कार्यालयले सिफारिश गरेको हुनुपर्ने तथा खाद्य सामाग्री बुझेको भरपाई राखुपर्नेमा उक्त प्रकृया पुरा नगरी वितरण गरेको नियम सम्मत देखिएन। रु

| **गो.भौ.नं. र मिति** | **कार्यक्रम** | **लाभग्राही संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १६४।०८०।३।२३ | सुत्केरी आमाहरुका लागि पोषण खाद्यन्न वितरण | ४२ | ३२५० | १३६५०० |
| १७१।०८०।३।२३ | सुनौला हजार दिनका आमा र बालबालिकालाई पोषण खाद्यन्न सामाग्री र फिल्टर वितरण | ५५ | ४२९० | २३५९५० |
| **जम्मा** | | | | **३७२४५०** |

| | |
|---|---|
| अनियमित भएको | ३,७२,४५० |

४६ **शिक्षक दरबन्दी तथा पदपूर्ति** – पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र ४८ सामुदायिक विद्यालय सन्चालनमा रहेका छन । ४८ विद्यालयमा ३६७ जना शिक्षक स्थायी दरबन्दी तथा राहत पदपुर्ति भएको छ । उक्त पदपुर्ति मध्ये ९८ जना करार र २६९ जना स्थायी दरबन्दीमा कार्यरत छन। साथै ४८ विद्यालयमा कुल ८०७३ जना विद्यार्थि रहेको देखिन्छ ।

पालिकाले विद्यार्थीको तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४७ **सामाजिक परीक्षण** – शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.१३.१ मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष १७ विद्यालयलाई रु.१५ हजारका दरले र ३१ विद्यालयलाई रु. १० हजारका दरले रु. ५६५००० निकासा दिएकोमा विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन । तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पेश हुनुपर्दछ । रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६५,००० |

४८ **दिवा खाजा** – शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ४८ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु. १०९४७७०५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

४९ **सेनिटरी प्याड** – सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड

त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २७१९ जना रहेका छन। पालिकाले २१ वटा विद्यालयहरुलाई सेनिटरी प्याड वापत एकमुष्ट रुपमा रु २७१४००० निकासा गरेको पाइयो। कार्यविधि बमोजिम विद्यालयबाट चौमासिक प्रगति विवरण पेश नभएको, विद्यालयले माग गरेको आधारमा विद्यालयलाई भुक्तानी भएको उक्त रकमबाट विद्यालयले प्याड खरिद गरेको विल र वितरण गरेको भरपाई पेश गर्नुपर्दछ। रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,१४,००० |

५० **अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम –** परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ को परिच्छेद ४ मा परम्परागत विद्यायल, वैकल्पिक विद्यालय, साक्षरता तथा निरन्तर शिक्षाका लागि अनुदान उपलब्ध गराउने मापदण्डको व्यवस्था छ। उक्त मापदण्ड बमोजिम चालु शैक्षिक सत्रसहित गत शैक्षिक सत्रको शैक्षिक तथ्याङ्क भरी अनिवार्य रुपमा समयमै सम्बन्धित निकायमा पेश गर्नुपर्ने, शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको हुनुपर्ने, भर्ना भएका बालबालिकको कम्तीमा पचहत्तर प्रतिशत नियमित उपस्थित भएको हुनुपर्ने, पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यसामाग्री समेतको प्रयोग गरेको हुनुपर्ने तथा शिक्षण संस्थाले सामाजिक परीक्षण गराएको हुनुपर्ने उल्लेख छ। पालिकाले निम्न अनौपचारिक तथा वैकल्पिक शिक्षा सञ्चालन गरेको विद्यालयलाई मापदण्डको प्रकृया पुरा नगरी अनुदान भुक्तानी गरेको नियम सम्मत देखिदैन।

| सि. नं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | इस्लामिया हनफिया मदरसा | २४१००० |
| २ | मदरसा सेराजुल उलुम | २४१००० |
| ३ | गोरक्षनाथ वैदिक गुरुकुल | ५००००० |
| ४ | मदरसा इक्रामे मुस्लिम | २४१००० |
| ५ | नुर मदरसा | २४१००० |
| ६ | मदरसा फैजाने अलाहजरत | २४१००० |
| ७ | सालिहा इस्लामिक लेडिज मदरसा | २४१००० |
| ८ | मदरसा ज्याउल इस्लाम | २४१००० |

| | | |
|---|---|---|
| ९ | मदरसा सयादना अविवकर लेथाफिजुल कुरान | २४१००० |
| १० | मदरसा इस्लामिया जामे मस्जिद | २४१००० |
| ११ | मानपुर मदरसा | २४१००० |
| १२ | मदरसा इस्लामिया बरकातिया | २४१००० |
| १३ | मदरसा उन्मुल मुमिनन हफ्सालिल बनात | २४१००० |
| १४ | अमलस्वाँरा मदरसा | २४१००० |
| १५ | शक्ति माध्यामिक विद्यालय | १५२००० |
| १६ | नारेश्वर सामुदायिक सिकाइ केन्द्र | २००००० |
| १७ | गोरखा सामुदायिक सिकाइ केन्द्र | २००००० |
| १८ | गाइखुर सामुदायिक सिकाइ केन्द्र | २००००० |
| जम्मा | | ४३८५००० |

५१ **विल भरपाई –** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले देहायवमोजिम खर्चको भुक्तानी गर्दा खर्चलाई प्रमाणित गर्ने विल भरपाई संलग्न नगरी खर्च लेखेकोले खर्च प्रमाणित गर्ने विल भरपाई पेश गर्नुपर्ने रु.

| गो भौ नं | खर्चको विवरण | रकम |
|---|---|---|
| ८८ | १८ जना पदाधिकारी विमा भुक्तानी गर्दा विमा प्रिमियम तिरेको विल संलग्न नरहेको | १८०००० |

| | | |
|---|---|---|
| २६२ | च्वाइस मिडिया प्रा लि | २९८१३ |
| ५९७ | गोरखा अस्पताललाई आधारभुत स्वास्थ्य सर्वा प्रदान गर्न भुक्तानी | १५००००० |
| ९६७ | १२ वटा टोल विकास सस्थालाई भुक्तानी | १००००० |
| | जम्मा | १८०९८१३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,०९,८१३ |

५२ **वैठक भत्ता –** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन। साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले आफैले एक अनुगमन समिती गठन गरी अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि जनप्रतिनिधि र कर्मचारीलाई देहावमोजिम रु ८०८६५०।०० भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा भत्ता वितरण भएको रकम नियमसम्वत देखिएन।रु.

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ८७८ | अनुगमन समितीको वैठक भत्ता | ३४४००० |
| ९४९ | अनुगमन समितिको वैठक भत्ता | १७७००० |
| ९९८ | अनुगमन समितिको वैठक भत्ता | २८७६५० |
| | जम्मा | ८०८६५० |

| | |
|---|---|
| अनियमित भएको | ८,०८,६५० |

५३ **विदेश भ्रमण –** स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण निर्देशिका २०७५ को वुँदा नं ४ मा जिल्ला समन्वय समिती र महानगरपालिकाका प्रमुख वाहेक अन्य पदाधिकारीको विदेश भ्रमण संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीले स्विकृत गर्ने व्यवस्था रहेको छ। मन्त्रालयको च नं १९२ मिति २०७९।११।२३ को पत्रानुसार २०२३ मार्च ९ देखि मार्च १३ सम्म वेलायतको रस्मुर वरो काउन्सिलसंग भागिनी सम्वन्ध थप प्रभावकारी वनाउन नेपाल

सरकार, प्रदेश सरकार एवं नगरपालिकालाई कुनै आर्थिक भार नपर्ने गरी मन्त्रीस्तरिय निर्णयवाट ५ जना पदाधिकारीको भ्रमण स्वीकृत भएकोमा पालिकाले देहायवमोजिम पदाधिकारीलाई रु.११०१५९०।०० खर्च लेखेको छ। यसरी नगरपालिकालाई कुनै आर्थिक भार नपर्ने गरी भ्रमण स्वीकृत भएकोमा विदेश भ्रमणको खर्च भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ। रु

| क स | पदाधिकारी को नाम | खर्च रकम |
|---|---|---|
| १ | नगर प्रमुख कृष्ण वहादुर राना | २२०३१८ |
| २ | नगर उपप्रमुख मसली माया थोकर | २२०३१८ |
| ३ | वडा अध्यक्ष राम वहादुर थापा | २२०३१८ |
| ४ | वडा अध्यक्ष डिल वहादुर थापा | २२०३१८ |
| ५ | वडा अध्यक्ष प्रदिप कुँवर | २२०३१८ |
| | जम्मा | ११०१५९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०१,५९० |

५४ **शिर्षक फरक –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले तपसिल वमोजिमको रु.५२०४२८।०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक पारी खर्च लेखेको नियमसम्वत देखिएन।

| भौ नं | कायम खर्च शिर्षक | खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ७६ | विविध खर्च | राइजिङ स्टार युथ क्लव खेलकुद व्यवस्थापन खर्च | २००००० |
| ४४८ | विविध खर्च | याङ्कोट वडा कार्यालय पुर्वाधार | ११०४२८ |
| ५०९ | वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन | महालक्ष्मी मा वि सामाग्री खरिद | ६०००० |
| ८३७ | तालिम TOT training | पुस्कर तिर्थ आरती व्यवस्थापन समिती | ५०००० |

| | | | |
|---|---|---|---|
| ८७७ | वडास्तरिय अनुगमन | अचार वनाउने तालिम | १००००० |
| | | | ५२०४२८ |

| | |
|---|---|
| अनियमित भएको | ५,२०,४२८ |

५५ **वढी भुक्तानी –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.२८५०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **पदाधिकारी इन्धन –** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाई मासीक रुपमा पाउने इन्धन सुविधाको व्यवस्था रहेको र उक्त सुविधावोजिम नगर प्रमुख तथा उपप्रमुखले मासिक ९० लिटरका दरले मासिक इन्धन सुविधा पाउने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष इन्धन पदाधिकारी तथा इन्धन कार्यालय प्रयोजन शिर्षकमा ७७ लाख ५९ हजार खर्च गरेको छ।खर्चको विल भरपाई परीक्षण गर्दा नगर प्रमुख तथा उपप्रमुखले प्रयोग गरेको सवारीको वाहेक अन्य पदाधिकारी, कर्मचारी, व्याकोलोडर एवम् एम्वुलेन्समा प्रयोग भएको इन्धनको स्पष्ट लगवुक तयार गरेको छैन।पदाधिकारी सुविधा सम्वन्धी कानुनले तोकिएको मापदण्डभित्र रहि इन्धन खर्च लेख्नुपर्नेमा नगर प्रमुख तथा नगर उपप्रमुखले समेत मापदण्डको पालना नगरी देहायवमोजिम वढी इन्धन खपत गरेको रकम नियमसम्वत देखिएन। रु.

| भौ नं | मिति | इन्धन खर्च लिटरमा | मासिक पाउने | वढि | औषत दर | वढी रकम |
|---|---|---|---|---|---|---|
| | नगर प्रमुख | | | | | |
| ३८ | श्रावण देखि आश्विन ५ | ८७५ | १८० | ६९५ | १६० | १११२०० |
| ७५ | आश्विन ५ देखि कार्तिक १ | २२५ | ९० | १३५ | १६१ | २१७३५ |
| १५१ | कार्तिक २ देखि मंसिर १३ | ३९५ | ९० | ३०५ | १५९ | ४८४९५ |
| २८७ | माघ १ सम्म | ४९२ | १८० | ३१२ | १५९ | ४९६०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६३ | माघ ५ देखि फागुन ३० सम्म | ७२३ | १८० | ५४३ | १५६ | ८४७०८ |
| ४९८ | चैत्र १७ वैशाख ४ सम्म | ४५१ | ९० | ३६१ | १५६ | ५६३१६ |
| ६४१ | वैशाख ५ वाट वैशाख २९ सम्म | २९३ | ९० | २०३ | १४७ | २९८४१ |
| ७३७ | वैशाख २९ देखि असार २ सम्म | ४६८ | ९० | ३७८ | १५६ | ५८९६८ |
| ९७३ | असार २ देखि २४ गते सम्म | १७७ | ९० | ८७ | १३८ | १२००६ |
| | नगर प्रमुख जम्मा | ४०९९ | १०८० | ३०१९ | | ४७२८७७ |
| | उपप्रमुख | | | | | |
| ८ | श्रावण र भाद्र | ८१७ | १८० | ६३७ | १५३ | ९७४६१ |
| १९७ | आश्विन देखि पौष सम्म | १०५७ | ३६० | ६९७ | १५९ | ११०८२३ |
| ३६३ | माघ ३ देखि फागुन २८ | ४०७ | १८० | २२७ | १५६ | ३५४१२ |
| ४९८ | फागुन २९ देखि वैशाख ६ | ४५१ | ९० | ३६१ | १५६ | ५६३१६ |
| ६४१ | वैशाख ७ देखि जेठ ५ सम्म | ३०७ | ९० | २१७ | १४७ | ३१८९९ |
| ७३७ | जेठ ५ देखि असार ४ सम्म | ४४३ | ९० | ३५३ | १५६ | ५५०६८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९७३ | असार ५ देखि २२ गते सम्म | २०४ | ९० | ११४ | १३८ | १५७३२ |
| | नगर उपप्रमुख जम्मा | ३६८६ | १०८० | २६०६ | | ४०२७११ |
| | नगर प्रमुख तथा उपप्रमुख वढी खपत | | | ५६२५ | | ८७५५८८ |
| | मु अ कर १३ प्रतिशत | | | | | ११३८२६ |
| | जम्मा | | | | | ९८९४१४ |

| | |
|---|---|
| अनियमित भएको | ९,८९,४१४ |

५७ **वढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० तथा अनुसुचीमा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले वडा नं १४ मा सडक सरसफाई कार्य गरी भौ नं ९५ वाट उपभोक्ता समितीलाई रु.६६३२३२।०० भुक्तानी गरेकोमा ४५० घ मि पहिरो पन्छाउने कामको दर विश्लेषण गर्दा माटो काट्ने कार्यको नर्म्स वमोजिम गरी रु.६९.८ का दरले भुक्तानी गरेको छ। पहिरो पन्छाउने कार्यको दर रु.५०।२५ प्रयोग गर्नुपर्नेमा रु.१९।५५ को वढी दरले भुक्तानी भएको रकम रु.८७९७।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७९७ |

५८ **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा २० लाख रुपैया सम्म लागत अनुमान भएको वस्तु, सेवा वा मालसामान ऐनको दफा ४० वमोजिम सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाका सामुदायिक आधारभुत विद्यालयहरुमा वोर्डव्याण्ड इन्टरनेट सेवा पुर्‍याउन दुरसञ्चार प्राधिकरणले रु.१६२५८००।०० उपलव्ध गराएकोमा साग्रिला इन्फरमेटिभ प्रा. लि संग सोझै सम्झौता गरी २२ विद्यालयमा इन्टरनेट सेवा उपलव्ध गराएको देखियो। प्राधिकरणले तय गरेको औषत दरभन्दा वढी नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिष्पर्धात्मक तरिकाले नेपाल दुरसञ्चार प्राधिकरणवाट इमेल तथा इन्टरनेट सेवाको अनुमती पत्र प्राप्त सेवा प्रदायकहरु मध्येवाट छनौट गरी तोकिएवमोजिमको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र भुक्तानी दिनुपर्नेमा सेवाको गुणस्तर सुनिश्चित भएको प्राविधिक प्रतिवेदन वेगर प्रतिष्पर्धा विना नै सोझै सेवा खरिद गरेको नियमसम्वत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | १६,२५,८०० |

५९ **वढी भुक्तानी –** गोरखा नगरपालिकावाट जारी भएको कृषि तथा पशुपंक्षी सम्वन्धि कार्यक्रम सञ्चालन कार्यविधि २०७७ मा हिउदे तथा वर्षे डाले घाँस वितरण गर्दा कृषकको २५ प्रतिशत नगद लागत सहभागिता गराई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेकोमा पालिकाले हिउँदे घाँस(जै घाँस) को विउ वितरण गर्दा लागत सहभागिता वेगर भौ नं २७० वाट रु.२९६२४७।०० भुक्तानी भएकोमा सोको २५ प्रतिशत वापतको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,०६१ |

६० **विघुतिय चुल्हो खरिद –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामनको स्पेशिफिकेशनको अधिनमा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने, नियम १४ मा लागत अनुमानको स्वीकृती गराउनुपर्ने र नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा सोहि स्थानमा वसोवास गर्ने वासिन्दा समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद ऐन तथा नियमावलीमा खरिदमा प्रतिष्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ। कार्यालयले ५० प्रतिशत अनुदानमा ५०० थान विधुतिय चुल्होको उपभोक्ता समितीवाट प्रतिथान रु.३९९०।०० का दरले लागत अनुमान तयार तथा वातावरण अधिकृतवाट स्वीकृत गरी उपभोक्ता समितीवाट खरिद गराएको छ। यसरी कार्यालय प्रमुखवाट लागत अनुमान स्वीकृत नगराई सिमित प्रतिष्पर्धा हुने गरी उपभोक्ता समितीवाट खरिद गरी भुक्तानी गरेको रकम नियमसम्वत देखिएन। रु

| | |
|---|---|
| अनियमित भएको | ९,९७,४७९ |

६१ **स्विकृत कार्यक्रम वेगर खर्च –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रहि खर्च गर्नुपर्ने उल्लेख छ ।कार्यालयले लागु पदार्थ दुर्व्यसनी सम्वन्धी सचेतना कार्यक्रम गर्न हिमालयन युवा समाज गोर्खालाई भौ नं ५१३ वाट रु.५०००००।०० भुक्तानी गरेकोमा स्विकृत कार्यक्रम वेगर रु.१२५७०६।०० को पोषाक, रु.७७६२०।०० को स्टेशनरी, रु.८६७८४।०० को चिल्ड्रेन मोजा र रु. ८५०००।०० को विभिन्न खेलको पुरस्कार वितरणमा खर्च गरी विल भरपाई पेश गरेको छ। यसरी लागुपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रममा विनियोजित वजेट स्विकृत कार्यक्रम वेगर अन्य कार्यक्रममा खर्च गरेको नियमसम्वत देखिएन। रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७५,११० |

६२ **ऋण प्राप्ती –** नगर विकास कोषको सरल ऋण सहयोगमा वहुउद्देश्यीय भवन,तरकारी वजार तथा निर्माणको लागि तिन पटक गरी रु ५१०९८४१२।०० ऋण लिएकोमा यस वर्ष साँवा तथा व्याज वापत रु.८३९५४५६।०० खर्च लेखेको छ। कार्यालयले कुल रकम मध्ये कुन वर्षमा कति व्याज तथा साँवा तिऱ्यो सो को विवरण माग गरेकोमा सोको विवरण कार्यालयले उपलव्ध गराएको छैन । कार्यालयले अभिलेख नराखेको कारण नगर विकास कोषले पठाएको पत्रलाइ मात्र आधार मानी साँवा तथा व्याज भुक्तानी गरिरहेको अवस्था छ ।कार्यालयले अभिलेख व्यवस्थापनलाई प्रभावकारी वनाई दायित्व भुक्तानीको दिर्घकालिन योजना वनाउनुपर्छ।

६३ **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा ५० हजार भन्दा वढी रकमको ठेक्का वा करार सम्झौताको भुक्तानी गर्दा भुक्तानीको कुल रकममा १.५ प्रतिशत का दरले करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सामुदायिक आधारभुत विद्यालयहरुमा वोर्डव्याण्ड इन्टरनेट सेवा पुर्‍याउन साग्रिला इन्फरमेटिभ प्रा. लि लाई रु.१६२५८००।०० भुक्तानी गर्दा कट्टी गर्नुपर्ने अग्रिम आय कर रु.२१५८२।०० कट्टी नगरी भुक्तानी गरेकोले कर वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५८२ |

६४ **कट्टी रकम दाखिला नभएको –** आयकर ऐन, २०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ। नगरपालिकाको सुत्रको वित्तिय प्रतिवेदन २७२ मा नगरपालिकाले

विभिन्न शिर्षकमा कट्टी गरेको दायित्व रकम रु.२०१२६।०० दाखिला गरेको नदेखिएकोले सम्वन्धित शिर्षकमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१२६ |

६५ **अन्य कार्यालयको खर्च –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ। पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र नगरपालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ६२२ | प्रहरी विट वडा नं ९ को घरभाडा | ६२५०० |
| १६४ | प्रहरी विट वडा नं ९ को घरभाडा | ६२५०० |
| ७४३ | प्रहरी विट वडा नं ९ को घरभाडा | २५००० |
| ३७४ | कोखे आहाले प्रहरी चौकि इन्धन | २४९९९ |
| ५०७ | १२ किलो प्रहरी चौकि मर्मत | ९९०५५ |
| | जम्मा | २७४०५४ |

६६ **अवलोकन भ्रमण –** कार्यालयले वडा तथा पालिकास्तरवाट वजेट विनियोजन गरी देहायवमोजिम अवलोकन भ्रमण शिर्षकमा खर्च गरेको छ

| गो भौ नं | विवरण | खर्च रकम | गाडीभाडा |
|---|---|---|---|
| ३२७ | महिला स्वास्थ्य स्वंयमसेविकाको अवलोकन भ्रमण | २००००० | ८०००० |
| ४५१ | कर्मचारी जनप्रतिनिधि अवलोकन भ्रमण | २९६४७५ | ५०००० |
| ४९० | नवज्योती मा वि अवलोकन भ्रमण | १००००० | ४४००० |

| | | | |
|---|---|---|---|
| ४९२ | वडा नं ९ अवलोकन भ्रमण | २००००० | नखुलेको |
| ७१३ | वडा समिती टोल विकास सस्था वडा नं २ को अवलोकन भ्रमण | २२८९०५ | ९०००० |
| ७३९ | वडा नं ५ अवलोकन भ्रमण | १५०००० | ४८००० |
| ७४७ | वडा नं १२ अवलोकन भ्रमण | १९९७०० | ४५००० |
| ७६१ | शक्ति मा वि अवलोकन भ्रमण | ५०००० | नखुलेको |
| ७७२ | ज्येष्ठ नागरिक तिर्थ यात्रा भ्रमण | १००००० | नखुलेको |
| १०१४ | वडा नं १० शैक्षिक अवलोकन भ्रमण | १५०००० | ३५००० |
| | जम्मा | १६७५०८० | ३९२००० |

उपरोक्त अनुसारको १० विभिन्न छुट्टा छुट्टै भ्रमणमा रु.१६ लाख ७५ हजार खर्च भएको छ भने गाडीभाडामा मात्र ३ लाख ९२ हजार खर्च भएको छ भने अन्य खाना खाजा तथा होटलवास लगायतमा खर्च भएको देखिन्छ। भ्रमणको उद्देश्य तथा उद्देश्य प्राप्तीको मुल्यांकन नगरी खर्च गर्नु उचित देखिएन। यस्तो खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

६७ **पारिश्रमिक कर –** आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहायका कर्मचारीको वार्षिक कर गणना गरी भुक्तानी गर्दा कम पारिश्रमिक कर कट्टा गरेको देखिएकोले नपुग कर असूल गर्नुपर्दछ।

| कर्मचारीको नाम | कुल आम्दानी | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | बाँकि कर |
|---|---|---|---|---|---|---|
| चन्द्र व खड्का | १०५३१३० | २७४५१२ | ७७८६१८ | ३१७२६ | २०१५० | ११५७३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५७३ |

६८ **क्षेत्राधिकार वाहिर खर्च –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापनमा केन्द्रित भई कार्यसम्पादन गर्नुपर्नेमा पालिकाले देहायवमोजिम क्यामपसको शैक्षिक व्यवस्थापनको लागि वजेट विनियोजन गरी भुक्तानी गरेको छ।यसरी कानुनवाट स्थानीय तहलाई आधारभुत तथा माध्यामिक तहसम्मको

शैक्षिक व्यवस्थापनको अधिकार प्रदान गरिएकोमा क्याम्पसको शैक्षिक व्यवस्थापनमा भुक्तानी गरेको रकम नियमसम्वत देखिएन। रु

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ८५८ | द्रव्य शाह क्याम्पस सिसिटिभि ल्यापटप खरिद | ६७८००० |
| ३८० | गोरखा क्याम्पसको प्रोजेक्टर खरिद | २००००० |
| ६५३ | द्रव्य शाह क्याम्पसको शैक्षीक सुधार कार्यक्रम | ५००००० |
| | जम्मा | १३७८००० |

| | |
|---|---|
| अनियमित भएको | १३,७८,००० |

६९ **लगानी फिर्ता –** गोरखा नगरपालिका र महिला उद्यमिलाई ऋण व्यवस्थापन कार्यविधिअनुसार १० जना उद्यमिलाई १ लाखको दरले ऋण उपलव्ध गराएकोमा सम्झौताको वुँदा नं २ मा ऋण रकममा ३ प्रतिशत व्याज समेत थप गरी चौमासिक रुपमा फिर्ता गर्नुपर्ने सम्झौता भएकोमा देहायवमोजिमका उद्यमिले असार मसान्तमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेकोले किस्ता तथा व्याज रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| सि नं | उद्यमिको नाम | रकम |
|---|---|---|
| १ | अमर फर्निचर उद्योग | १००००० |
| २ | नितु टेलर्स | ६६६६६ |
| जम्मा | | १६६६६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,६६६ |

७० **तालिम कार्यक्रम –** सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी सस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने, नियम ९९(२) मा त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन वमोजिम दर्ता भएको र नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी सस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो सस्थावाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष निम्नानुसारको तालिम कार्यक्रम गर्दा लागत अनुमान तयार नगरी, फरक उद्देश्य राखि दर्ता

भएका गैरसरकारी सस्थावाट कार्य गराएको देखिन्छ। कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना गरी तालिम कार्यक्रमसंग सम्वन्धित सस्थावाट मात्र तालिम गराउनुपर्दछ।

| गो भौ नं | कार्यक्रमको नाम | भुक्तानी पाउने | तालिम प्रदायक सस्थाको कार्यक्षेत्र | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६९८ | किशोरी आत्मरक्षा तालिम कार्यक्रम | एकिकरण गोरखा नेपाल | सामाजिक तथा सामुदायिक सेवा प्रवाह | २९८९९३ |
| ८५९ | वाँसका सामाग्री वनाउने तालिम | ओम राजश्री मल्टी एग्रो प्रा लि | चिया वा अन्य वालि उत्पादन र प्याकिङ, पशुपालन, मिश्रीत खेती र कफी उत्पादन | ५८५००० |
| १००३ | मकैको खोस्टावाट हस्तकला सामाग्री निर्माण तालिम | ओम राजश्री मल्टी एग्रो प्रा लि | चिया वा अन्य वालि उत्पादन र प्याकिङ, पशुपालन, मिश्रीत खेती र कफी उत्पादन | २९८००० |
| | जम्मा | | | ११८१९९३ |

७१ **आनुपातिक कट्टी –** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। कार्यालयले शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सरस्वती मा वि ले १० प्रतिशत र कार्यालयले ९० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी रु.२२००००।०० को कार्यको सम्झौता गरेकोमा कार्यसम्पन्न रु.१९५०५४।०० भएको र समानुपातिक रुपमा १० प्रतिशत रु.१९५०५।०० कट्टी गरी रु.१७५५४९।०० भुक्तानी गर्नुपर्नेमा रु.१९४६५१।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१०२ |

७२ **जडान प्रमाण –** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले वडा नं ४ र ६ मा सोलार वत्ति जडान गरी भौचर नं ९९९ वाट रु.२४२८९०।०० भुक्तानी गरेकोमा सोलार वत्ती जडान भएको प्राविधिक मुल्यांकन तथा स्टोर दाखिला समेत नभएकोले जडान भएको प्राविधिक मुल्यांकन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४२,८९० |
|---|---|

७३ **गाउँ नगर साझेदारी कोष –** पालिकावाट प्राप्त प्रमाणित विवरणअनुसार पालिकाले वार्षिक १० प्रतिशत व्याजदरमा २०६१ सालदेखि लगानी गरेको गाउँनगर साझेदारी कोषको रकम हालसम्म पनि नउठेको देखिएकोले साँवा तथा व्याज रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दमछ। रु.

| क्रश | समुहको नाम | लगानी मिति | लगानी रकम | व्याज रु | जम्मा |
|---|---|---|---|---|---|
| १ | संयुक्त खसिवोका उद्यम समुह | ०७/२०/२०६१ | ३४२३ | ४१९८ | ७६२१ |
| २ | न्यु लोटस खरिद विक्रि समुह | २०६१/११/२० | १००० | १५१७ | २५१७ |
| ३ | गोरखकाली टोल सस्था | २०६४/०३/३२ | ११८४ | २१२ | १३९६ |
| ४ | १३ किमि घुम्ती वजार टोल विकास सस्था | ०६/२९/२०६६ | ३२१९६ | २९०४९ | ६१२४५ |
| ५ | विरिञ्चोक गैरिगाँउ टोल विकास सस्था | ०८/२१/२०६८ | २८९५८ | २४६९० | ५३६४८ |
| ६ | छिपिटोल नयाँवजार टोल विकास सस्था | १०/१८/२०६८ | २००००० | २२८८७७ | ४२८८७७ |
| ७ | पोखराथोक टोल विकास सस्था | ०६/२४/२०६९ | ११०२४५ | ९७७०९ | २०७९५४ |
| ८ | छेवेटार टोल विकास सस्था | ११/१७/२०६९ | १५०००० | १४७६१७ | २९७६१७ |
|  | जम्मा |  | ५२७००६ | ५३३८६९ | १०६०८७ |

| असुल गर्नुपर्ने | १०,६०,८७५ |
|---|---|

७४ **माछापोखरी –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम २४ र २५ मा उल्लेख भएअनुसार आयोजनाको वर्गिकरण गरी आयोजना वैकमा प्रविष्टी गर्नुपर्ने व्यवस्था रहेको र यसरी आयोजना वैकमा प्रविष्टी गर्नुअघि आयोजनाको लागत तथा उपलव्धी समेत अनुमान गरी उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष कुमालगाँउ माछापोखरी निर्माण कार्य गरी रु.१०८१५३६।०० खर्च लेखेको छ। पोखरीको निर्माण कार्य सम्पन्न भएता पनि पोखरी सञ्चालनको मोडालिटी तय गरेको छैन। पालिकाले दिर्घकालीन रुपमा आय प्राप्ती हुने गरी यथाशिघ्र पोखरी सञ्चालनमा ल्यानुपर्दछ।

७५ **घरनक्सा पास –** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२(१) मा यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानुन वमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत वेगर हेरफेर गरी बनाएको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने पालिकाले ऐन प्रारम्भ भएपछि एक पटकको लागि

निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरेको एकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नका लागि लाग्ने दस्तुरको तेव्वर दस्तुर लिनुपर्ने व्यवस्था रहेको छ। निम्न व्यक्तिहरुले भवन संरचनाको नक्सा पास स्वीकृत नगरी बनाएको संरचनामा नियमित तथा अभिलेखिकरण गर्दा लाग्ने राजस्व दस्तुरको तीन गुणाले हुन आउने राजस्व संकलन गर्नुपर्नेमा फरक दरबाट राजस्व संकलन गरेकोले घटी राजस्व रकम सम्बन्धितबाट असुल गर्नपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२८,९६८ |

**(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७६ **आय ठेक्का –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(९) मा सिलवन्दी दरभाउपत्र विधि अनुसार खरिद गर्दा पहिलो पटकको सुचना वमोजिम पेश भएका दरभाउपत्र मध्ये न्युनतम तिन वटा दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सवैभन्दा कम कवोल अङ्क रहेको दरभाउपत्र स्विकृतीको लागि मुल्यांकन समितीले छनौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले कवाडी सामान संकलन तथा विक्रि सम्वन्धि कार्यको लागि न्युनतम मुल्य रु.५०००००।०० कायम गरी मिति २०७९।०४।०६ मा प्रथम पटक सिलवन्दी दरभाउपत्र आह्वान गरेकोमा सि भि स इन्टरप्राइजेजले रु.१११००००।०० र शेखर कन्ट्रक्सनले रु.७००२००।०० कवोल गरेकोमा २ वटा मात्र दरभाउपत्र पेश भएको आधारमा उक्त ठेक्का रद्द गरी पुन सुचनामार्फत सि भि स इन्टरप्राइजेजसंग रु.५३५०००।०० मा ठेक्का सम्झौता गरेको छ। आय ठेक्कामा पर्याप्त दरभाउपत्र नपरेको अवस्थामा ठेक्का रद्द गर्ने कानुनी व्यवस्था नभएता पनि कार्यालयले खरिद कानुनको व्यवस्था वमोजिम ठेक्का रद्द गर्दा नगरपालिकालाई रु.५७६०००।०० आम्दानी कम भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम नगरपालिकाको आफ्नो अधिकारक्षेत्रको विषयमा आवश्यक कानुन वनाई लागु गर्न सक्ने व्यवस्था भएता पनि आय ठेक्का व्यवस्थापन कानुन नवनाई असम्वन्धित खरिद कानुनको व्यवस्था अवलम्वन गर्दा रु.५७६०००।०० आम्दानी कम भएको छ। नगरपालिकाले आवश्यक कानुनको निर्माण गरी आफ्नो कामकारवाही अगाडी वढाउनुपर्दछ।

७७ **फोहोर मैला व्यवस्थापन –** गोरखा नगरपालिकाको फोहोर व्यवस्थापन गर्न नगरपालिका र क्लिन गोरखा प्रा लि विच मिति २०७८।०६ १० मा भएको सम्झौता अनुसार क्लिन गोरखा प्रा लि ले नगरपालिकावाट जारी भएको नगदी रसिदवाट संकलन भएको रकमको २० प्रतिशत रकम नगरपालिकामा वुझाउने व्यवस्था भएकोमा लेखापरीक्षणको क्रममा उपलव्ध भएको विवरण अनुसार उक्त कम्पनीले वार्षिक रु.५४११६२५।०० आम्दानी गरेको देखिएकोमा वार्षिक आम्दानीको २० प्रतिशतले हुन आउने रु.१०८२३२५।०० नगरपालिकामा दाखिला गरेको छैन। साथै कम्पनीले लगेका नगदी रसिद नगरपालिकामा वुझाउनुपर्नेमा सो समेत फिर्ता नगरी वार्षिक विवरण मात्र पेश गरेकोले कम्पनीले पेश गरेको विवरण यथार्थपरक छ छैन भन्नेमा एकिन गर्न सकिएन। कार्यालयले कम्पनीलाई उपलव्ध गराएको नगदी रसिद फिर्ता गराई वास्तविक आय एकिन गर्नुपर्ने र २० प्रतिशतले हुन आउने रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८२,३२५ |

७८ **ढिला दाखिला –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले

१० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको विभिन्न वडाबाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरी अर्को महिना तथा केहि २।३ महिनापश्चात मात्र दाखिला भएको देखिन्छ। ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

७९ **बैंक मौज्दात रकम –**

***........... (प्रारम्भिक प्रतिवेदन उपर बैंक मौज्दात रकम संचित कोषमा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रु.१०८९८१४ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८० **लाभग्राही अद्यावधिक –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्ने योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ।

८१ **लगत कट्टा –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ। कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ। यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीहरुको मृत्युपश्चात पनि सामाजिक सुरक्षा भत्ता निकासा गरेकोले असुल गर्नुपर्दछ। रु

| **नाम** | **नागरिकता नम्बर** | **वडा नम्बर** | **सा.सु.किसिम** | **मृत्यु मिति** | **निकासा रकम** | **निकासा हुनुपर्ने** | **बढी निकासा** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिनाकुमारी थापा | १६२ | ३ | जेष्ठनागरिक | २०७९।४।४ | ४८००० | ५३३ | ४७४६७ |
| हिमकुमारी कोइराला | - | ३ | जेष्ठनागरिक | २०७९।५।५ | ४८००० | ४६६७ | ४३३३३ |
| झनकुमारी भट्ट | ६९१ | ३ | जेष्ठनागरिक | २०७९।६।७ | ३६००० | ८९३३ | २७०६७ |
| क्षेत्रबहादुर अधिकारी | ६०० | ३ | जेष्ठनागरिक | २०७९।६।२९ | २४१३८ | १२००० | १२१३८ |
| जुनकिरीसार्की | १२१७ | ३ | जेष्ठनागरिक | २०७९।११।१४ | ३६००० | २९८६७ | ६१३३ |
| मिठुमाया थापा | ५४२६१ | ३ | जेष्ठनागरिक | २०७९।११।६ | ४८००० | २८८०० | १९२०० |
| भेगेन्द्रबहादुरथापा | ४३४ | ३ | जेष्ठनागरिक | २०८०।२।५ | ४८००० | ४०६६७ | ७३३३ |
| टलकबहादुर थापा मगर | २२२४० | ८ | जेष्ठनागरिक | २०७९।४।२४ | ४८००० | ३२०० | ४४८०० |
| सीतादेवी खत्री क्षेत्री | ६८७ | ८ | जेष्ठनागरिक | २०७९।६।१४ | १२००० | ९८६७ | २१३३ |
| मायादेवी थापा मगर | ८८८ | ८ | जेष्ठनागरिक | २०७९।७।२४ | २४००० | १५२०० | ८८०० |
| रनबहादुर अधिकारी | ४४१००१/३३८६ | ८ | जेष्ठनागरिक | २०७९।९।६ | २४००० | २०८०० | ३२०० |
| लिलाबहादुर कार्की | ३९५ | १४ | जेष्ठनागरिक | २०७९।१२।२२ | ४८००० | ४२९३३ | ५०६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गोबिन्दप्रसाद संग्रौला | २७९९ | १४ | जेष्ठनागरिक | २०७९।११।२ | ३६००० | २८२६७ | ७७३३ |
| लोकबहादुरा राना मगर | १।५।३४६३ | १४ | जेष्ठनागरिक | २०७९।१२।३० | ४८००० | ३६००० | १२००० |
| उमाकुमारी संग्रौला | २।३१३० | १४ | जेष्ठनागरिक | २०७९।११।१५ | ३६००० | ३०००० | ६००० |
| मिनमायाअधिकारी क्षेत्री | २२२०१ | १३ | जेष्ठनागरिक | २०७९।४।३१ | ४८००० | ४००० | ४४००० |
| रनबहादुर राना मगर | २११७८ | १३ | जेष्ठनागरिक | २०७९।५।१७ | ४८००० | ६२६७ | ४१७३३ |
| शिवहरीअधिकारी | १५५५७ | १३ | जेष्ठनागरिक | २०७९।५।२० | ४८००० | ६६६७ | ४१३३३ |
| पुतलीथपिनी | ७१४ | १३ | जेष्ठनागरिक | २०७९।६।२९ | ४८००० | १२००० | ३६००० |
| मनमायादर्लामी | ४७१ | १३ | जेष्ठनागरिक | २०७९।७।२८ | ४८००० | १६००० | ३२००० |
| इश्वरीसेढाई | ६१३३६ | १३ | जेष्ठनागरिक | २०७९।९।२६ | ४८००० | २३४६७ | २४५३३ |
| भक्तबहादुर शाह | २७७३ | १३ | जेष्ठनागरिक | २०७९।१०।२४ | ४८००० | २७२०० | २०८०० |
| पक्षकुमारी घिमिरे | ६३६६७ | १३ | जेष्ठनागरिक | २०७९।११।१६ | ४८००० | ३०००० | १८००० |
| **जम्मा** | | | | | | | **५१०८०३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०,८०३ |

८२ **गत बर्षको दायित्व –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम चालु आर्थिक बर्षको बजेटले नखाम्ने गरी बढी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा बिभिन्न ३० योजनाहरुलाई रु.३३८४२६१।७५ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यापालिकाबाट निर्णय गराएको आधारमा यो बर्ष (२०७९।८०) को बजेट योजनाको नाममा रकम विनियोजन गरी उक्त रकम भुक्तानी गरेको पाइयो । साना तथा आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरी काममा ढिलासुस्तीको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

८३ **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९।८० को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछ्यौंट नगरेकोले नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

८३.१ प्रमाण पेश गर्नुपर्ने –

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ३२७ | महिला स्वास्थ्य स्वंयम सेविका तालिम तथा भ्रमण खर्च वसभाडा भुक्तानी अम्विका घिमिरेलाई भुक्तानी गरेकोले खर्च पुष्ट्याँईको प्रमाण पेश गर्नुपर्दछ । | ८००० |
| ६६५ | नेपाली सेनाको गोरखा काठमाण्डौं पदयात्राको नपुग रकम ध्रुव प्रसाद घिमिरेलाई भुक्तानी गरेकोले खर्च पुष्ट्याँईको प्रमाण पेश गर्नुपर्दछ । | १९००० |
| ८७६ | वहुप्राविधिक शिक्षालयको प्रशिक्षार्थीहरुको खाजा खर्ज वडा सचिव भुवन कुमाल र केदार कुँवरलाई भुक्तानी गरेकोले खर्च पुष्ट्याँईको प्रमाण पेश गर्नुपर्दछ । | २५२२५८ |
| ९३५ | वडा समितीको वैठक भत्ता सचिव रमण वावु कट्टेललाई नपुग रकम सोधभर्ना दिएकोमा खर्च पुष्ट्याँईको प्रमाण पेश गर्नुपर्दछ । | २२१०० |

| | | |
|---|---|---|
| ९७५ | विभिन्न वैठक भत्ता भुक्तानीमा अम्विका घिमिरेले वुझिलिएकोमा खर्च पुष्टयाँईको प्रमाण पेश गर्नुपर्दछ । | ३६५५० |
| ८०५ | मुल्यांकन समितीको वैठक भत्ता जानुका कुँवरलाई भुक्तानी गरेकोले खर्च पुष्टयाँईको प्रमाण पेश गर्नुपर्दछ । | ११०५० |
| १८४ | ल्यापटप खरिदको मुल जिन्सी दाखिला नभएको दाखिला प्रमाण पेश गर्नुपर्दछ । | ७९१०० |
| ६ | रेफ्रिजेनेटर खरिदको मुल जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । | ३९९९५२ |
| ५१० | सोलार जडान गरेकोमा सोलारको मुल जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । | २०९४४२ |
| ८५ | स्वास्थ्यकर्मीलाई झोला खरिद गरेकोमा मुल जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । | १९९८४० |
| १३५ | २ थान सि.जि. वाल फयानको मुल जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । | ७९०० |
| १८६ | २ थान १००० लिटर पानी टयाङ्कीको मुल जिन्सी दाखिला नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । | २४००० |
| ६१४ | जानकी टेक्नोलोजीलाई भुक्तानी दिएको विल समावेश नभएको खर्च पुष्टयाँईको प्रमाण पेश गर्नुपर्दछ । | २०००० |
| | जम्मा | १२८९१९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,८९,१९२ |

८३. असुल गर्नुपर्ने –

२

*प्रारम्भिक प्रतिवेदन उपर सन टेक्नोलोजीलाई बढी भुक्तानी भएको रकम असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को जम्मा रु. ९५३०.५।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९०० |

८३.३ नियमित गर्नुपर्ने –

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ६६६ | सुचना अधिकारी चेत प्रसाद अंगाइलाई विल वेगर सोधभर्ना दिनएको रकम नियमसम्मत नदेखिएको | १0000 |
| | जम्मा | १0000 |

| | |
|---|---|
| अनियमित भएको | १०,००० |

८४ **अग्रिम कर –** आयकर ऐन, २०५८ मा उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको रकम भुक्तानी गर्दा भुक्तानीको १.५ प्रतिशत कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले समीचौतारा सियुडेनी हुँदै वडा कार्यालय सडक निर्माण योजनामा कार्यालयबाट रु.५० लाख व्यहोर्ने गरी रु.५५५७७१५।० को लागत अनुमान तयार गरी कार्य गराएको छ । उक्त योजनामा यस आर्थिक वर्षमा २ वटा विलबाट रु.३०१९१९०।० भुक्तानी भएकोमा भुक्तानी रकमको १.५% का दरले रु.४५२८८।० करकट्टी गर्नुपर्नेमा रु.२३२०२।० मात्र करकट्टी गरेकोले नपुग कर बापतको रकम रु.२२०८६।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,०८६ |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : गोरखा नगरपालिका , गोरखा नगरपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्ञान नाथ ढकाल | २०७९-३-१ | २०७९-१०-२० |
| कार्यालय प्रमुख | कमल प्रसाद पुन | २०७९-११-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | NIlkantha Pandey | २०७६-११-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,१२४,२४७.७९ | १३,९९३,४४४.३५ | १३,९३९,७५४ | ० | ० | १,८५८,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३५,९१५,४४६.१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २,२६१,१४४.५७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३३,६५४,३०१.५७ |

स्थानीय तह –

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | १०२८७७८७३.९९ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ५९५१२४९६६ | **चालु खर्च** | ५६४९२६२६४.०७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३३३०१२१५ | **पूँजीगत खर्च** | २५२७९०४४९ |
| **राजश्व बाँडफाँट** | १३५८८४०७१.४६ | **वित्तीय/अन्य व्यवस्था** | २४४३७३१२४.१८ |
| **आन्तरिक आय** | ३५६०७२६६.७३ | | |
| **अन्य आय** | २८५८१७१९५.५ | | |
| **कुल आय** | १०८५७३४७१४.६९ | **कुल खर्च** | १०६२०८९८३७.२५ |
| **बाँकी मौज्दात** | | १२६५२२७५१.४३ | |

**बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -२**

पेश्की वाँकी –

| गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की |
|---|---|---|---|---|
| ५७४ | बिमा तथा नवीकरण खर्च | मिन वहादुर थापा मगर | १५०००० | ० |
| ५८८ | सुनौलो हजार दिने आमा र बच्चा पोषण कार्यक्रम | भिम बहादुर खत्री | १५०००० | ० |
| ८२० | नगर प्रमुख छात्रबृद्धी कार्यक्रम | अर्जुन भट्ट | २५०००० | ० |
| ८५५ | अध्यन अबलाोकन भ्रमण | विमला वाग्ले | २००००० | ० |
| ८५५ | न्याय तथा हिंसा पिडीत महिला बालकालिका अनाथ जेष्ठ विपन्न नागरिक सहयाोग कार्यक्रम | विमला वाग्ले | १००००० | ० |
| ९८६ | सभा संचालन खर्च | शाोभा प्रधान | ३९३००० | ० |
| ९८६ | सभा सञ्चालन खर्च | शाोभा प्रधान | ५७००० | ० |
| ३२ | विभिन्न मठमन्दिर पुजा ब्यावस्थापन | ताप्लेकोट मुल पुजा समिति | ६०००० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | विभिन्न मठमन्दिर पुजा ब्यावस्थापन | सतिपिपल क्लव | ३५००० | ० |
| ४८७ | पञ्चे वाजा खरिद | जागरुप आमा समुह | ८०००० | ० |
| ५२४ | १४ वटै वडामा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम | जेष्ठ नागरिक जिल्ला संघ गोरखा | ५०००० | ० |
| ६८८ | कार्यक्रम खर्च | जेष्ठ नागरिक जिल्ला संघ गोरखा | १५०००० | ० |
| २६३ | विभिन्न योजनकाे हरुको नगद लागत सहभागिता | सिर्जनसिल दलित एकता समाज अधुराे भवन निर्माण | ९०००० | ० |
| २४ | पोषण कार्यक्रम | राजेश राना मगर | ६३००० | ० |
| ९८९ | विविध खर्च | सुरज थापा | ३०००० | ० |
| ३५९ | समपुरक कोष-विभिन्न योजना तथा कार्यक्रमको लागि | डायमण्ड इन्फ्रा इन्जिनियरिङ्ग प्रा.लि | | ६९०००० |
| | जम्मा | | १८५८००० | ६९०००० |
| | कुल जम्मा पेश्की | २५४८००० | | |

**बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -३**

घरनक्सा पास नपुग राजश्व –

| क स | घर धनीको नाम | वडा नं | घरको क्षेत्रफल वर्ग मि | लिएको राजश्व | लिनुपर्ने राजश्व | कम राजश्व |
|---|---|---|---|---|---|---|
| १ | राम वावु थापा | १३ | २४८० | १२९५१ | ३८८५३ | २५९०२ |
| २ | विबा कुमारी सार्की | १३ | १३५६ | ६८४५ | २०५३५ | १३६९० |
| ३ | तिला कुमारी कालाखेती | १४ | ८१५ | ४४१० | १३२३० | ८८२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | कृष्ण कुमारी गुरुङ | ४ | ११३८ | ८२७० | २४८१० | १६५४० |
| ५ | पम्फा खत्री | ८ | १९०८ | ९६६३ | २८९८९ | १९३२६ |
| ६ | तिल कुमारी दमै | २ | ३८६ | २६९४ | ८०८२ | ५३८८ |
| ७ | लाल वहादुर खड्का | १३ | १४०१ | ७०३२ | २१०९६ | १४०६४ |
| ८ | धन वहादुर कुँवर | ८ | ४६३ | ३००० | ९००० | ६००० |
| ९ | कृष्ण वहादुर नेपाली | ९ | ५६६ | ३४१२ | १०२३६ | ६८२४ |
| १० | भिमसेन कुँवर | ९ | ६५६ | ३७७४ | ११३२२ | ७५४८ |
| ११ | भरत वावु कट्टेल | ८ | ३४६ | ३५३४ | १०६०२ | ७०६८ |
| १२ | राममाया अधिकारी | ६ | १४५६ | १०६४८ | ३१९४४ | २१२९६ |
| १३ | सन्जिव। सुनिल। अनुप मास्के | ६ | १०७९० | ७०७८५ | २१२३५५ | १४१५७० |
| १४ | विर वहादुर वोगटी | २ | १४५८ | ७३२५ | २१९७५ | १४६५० |
| १५ | रझानी मिया खातुन | ८ | १२२१ | ६२०० | १८६०० | १२४०० |
| १६ | मालति गुरुङ | ७ | १९६३ | १२६७२ | ३८०१६ | २५३४४ |
| १७ | मनमाया गुरुङ | ९ | ९७८ | ७५२५ | २२५७५ | १५०५० |
| १८ | शोभादेवि कोइराला | ३ | ७३५ | २९४० | ८८२० | ५८८० |
| १९ | मंगले विसुन्के | ११ | १५४९ | ९०१५ | २७०४५ | १८०३० |
| २० | सोमाया तामाङ | ११ | ८६४ | ३४५५ | १०३६५ | ६९१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | दिप खत्री | १३ | ३१२४ | १४८९४ | ४४६८२ | २९७८८ |
| २२ | समिर कोइराला सिता रोका | ६ | ५७३ | ३४४० | १०३२० | ६८८० |
| | जम्मा | | | २१४४८४ | ६४३४५२ | ४२८९६८ |